नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भक्तपुर

पत्र संख्याः- ०७६/७७

चलानी नं.:- ५609

मितिः २०७७।०३।०९

श्री गृह मन्त्रालय,

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा ), सिंहदरवार ।

National Emergency Operation Center (NEOC), सिंहदरवार ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, बाग्मती प्रदेश, हेटौडा ।

विषयः- दैनिक जाहेरी ।

आज मिति २०७७/०३/०८ गते भक्तपुर जिल्लामा कोरोनाको रोकथाम, नियन्त्रण र पूर्वतयारीको सम्बन्धमा देहायअनुसार भएका कार्य तथा अवस्थाको विवरण पठाइएको व्यहोरा अनुरोध छ ।

१. जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र (DCCMC), Bhaktapur ले हालको अवस्था र स्थितिको सम्बन्धमा आवश्यक समन्वय, निर्देशन गरिरहेको ।

२. आज प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा DCCMC भक्तपुरको बैठक बसी बिभिन्न निर्णयहरू गरेको ।(निर्णयप्रति संलग्न छ)

३. मिति २०७७।०३।०७ गतेसम्म विभिन्न देशबाट स्वदेश फर्केका प्रदेश १ का १०८६ जना, प्रदेश २ का ५६२ जना र वाग्मती प्रदेशका १६२ जना गरी जम्मा १८१० जना व्यक्तिहरूलाई भक्तपुरको होल्डिङ सेन्टरमा ल्याई आवश्यक स्वास्थ्य जाँच, NTC को सिम वितरण गरी सुरक्षा निकायहरूको समन्वयमा सम्बन्धित प्रदेशमा पठाइएको ।

४. कोरोना संक्रमणको जोखिम रोकथाम, नियन्त्रण का लागि अस्पतालहरुमा दैनिक रुपमा चेकजाँच भइरहेको । भक्तपुर अस्पताल (कोभिड-१९ हब अस्पताल) बाट आज PCR परीक्षणका लागि ०८ जनाको स्वाव संकलन गरिएको । RDT परीक्षण नभएको । आजसम्म १८६५ जनाको परीक्षण गरिएको (PCR १०४६, RDT ८१९), ६९ जनाको रिपोर्ट आउन बाँकी बाहेक १ जना महिलाको RDT Positive Report आएको अन्य सबैको रिपोर्ट नेगेटिभ आएको, आइसोलेसनमा कोही नरहेको।

५. जिल्लामा ९ वटा क्वारेन्टाइनस्थलमा गरी ६९० बेड (हाल ३१ जना खरिपाटी क्वारेन्टिनमा रहेको), १९ वटा भेन्टिलेटर र ११० वटा आइसोलेसन वेड तयारी अवस्थामा रहेको । भक्तपुर जिल्लामा २३ वटा एम्बुलेन्सहरू रहेकोमा ५ वटा एम्बुलेन्सहरुलाई विशेषरुपमा Modify गरी कोभिड-१९ संक्रमित व्यक्तिहरूलाई अस्पतालसम्म ल्याउने/लाने प्रयोजनको लागि तयारी अवस्थामा राखिएको ।

६. गृह मन्त्रालयबाट विभिन्न मितिमा प्राप्त निर्देशनलाई कडाइका साथ कार्यान्वयन गरिएको । जिल्लाको शान्ति सुरक्षा स्थिति सामान्य रहेको छ ।

(यज्ञराज जोशी)

प्रशासकीय अधिकृत

वेभसाइटः daobhaktapur.moha.gov.np ईमेलः daobhaktapur@gmail.com ☎६६१४४३७, ६६१४८०१, ६६१०९०६ 🖷६६१४६०७

मिति २०७७।०३।०९ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलालगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) भक्तपुरको १९ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

उपस्थिति:

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड।
२. कोभिड-१९ सम्बन्धी।
३. बालबालिका सम्बन्धी।
४. बिबिध

निर्णय

१. बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड, २०७७ पूर्णपालना गर्दै सुरक्षा निकायहरूबाट नियमित अनुगमन गर्ने।
२. कोभिड-१९ को नियन्त्रण सम्बन्धमा नेपाल सरकारद्वारा विभिन्न मितिमा जारी गरेका निर्देशनहरूको पूर्ण पालना गर्दै सोही बमोजिम मापदण्ड कार्यन्वयनको लागि सुरक्षा जनशक्तिलाई आवश्यकता अनुसार परिचालन गर्ने।
३. कोभिड-१९ संक्रमण पुष्टि भई कन्ट्रयाक्ट ट्रेसिङ्गको आधारमा संक्रमणको उच्च जोखिममा रहेका व्यक्तिहरूलाई आवश्यकता अनुसार होल्डिङ्ग सेन्टर, आइशोलेसन कक्ष, सेल्फ आईसोलेसन क्वारेन्टिन कक्ष र सघन उपचार कक्षमा राख्नको लागि आवश्यक सुरक्षा व्यवस्थापनसहित सरोकारवाला निकायहरूलाई तयारी अबस्थामा रहन अनुरोध गर्ने।
४. मिति २०७७।०२।२३ गते UAE बाट आएका १२ जना, मिति २०७७।०२।३० गते कुबेतबाट आएका १०३ जना र जापान बाट आएका ४ जना यात्रु कन्ट्रयाक्ट ट्रेसिङमा परेको कारण खरिपाटी भक्तपुर स्थिति क्वारेन्टिनमा राखि कोभिड-१९ परीक्षण तथा क्वारेन्टिन अवधि पुरा गरेकाहरूलाई सम्बन्धित प्रदेश तथा स्थानीय निकायको जिम्मामा घर फिर्ता पठाउने।
५. तेस्रो मुलुकबाट नेपालमा उद्दार गरी ल्याएका मानिसहरू मध्ये केही महिला तथा बालबालिकाहरू घरवार विहिन तथा वेवारिसे पाइएमा निजहरूलाई संरक्षण गर्न नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमका आधिकारिक संघ संस्था एकिन गरी पठाइदिनु हुन गृह मन्त्रालय मार्फत कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(CCMC) लाई अनुरोध गर्ने।
६. स्थानीय तहहरूले निर्माण गरेका क्वारेन्टिनहरूको सञ्चालनको तथा व्यवस्थापनका लागि जिल्ला स्थित सुरक्षा निकायहरूबाट आवश्यक सुरक्षा व्यवस्था मिलाउने।